बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय


# जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

## प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

बुलेटिन सङ्ख्याः १

**आर्थिक बर्षः २०८२/८३** | **महिनाः श्रावण** | **प्रकाशित मितिः २०८२/०५/१०**


### मुख्य झलकहरु:




*(श्रोतः DHIS2, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/०५/१०)*

### महामारीजन्य रोगहरुको अवस्था (प्रमुख ५ रोगहरु)

१. **डेंगी**




*(श्रोतःDHIS2) (तथ्याङ्क लिएको मितिः २०८२/०५/१०)*

- श्रावण २०८२ महिनामा काभ्रेपलाञ्चोक जिल्लाभित्र जम्मा **१२ वटा डेंगी ज्वरोका केसहरू** प्रतिवेदन भएका छन्। जसअन्तर्गत बनेपा नगरपालिकाबाट **५ वटा केस**, पनौती नगरपालिकाबाट **१ वटा केस**, धुलिखेल नगरपालिकाबाट **१ वटा केस**, पाँचखाल नगरपालिकाबाट **३ वटा केस**, र मण्डनदेउपुर नगरपालिकाबाट **२ वटा केस** प्रतिवेदन भएका छन्। अन्य स्थानीय तहहरू "चौरीदेउराली, भुम्लु, तेमाल, नमोबुद्ध, बेथानचोक, रोशी, महाभारत र खानीखोला" बाट भने कुनै केस प्रतिवेदन भएका छैनन्।

## २. स्क्रब टाइफस

श्रावण २०८२ महिनामा काभ्रेपलाञ्चोक जिल्लाभित्र जम्मा **५ वटा स्क्रब टाइफसका केसहरू** प्रतिवेदन भएका छन्। जसअन्तर्गत मण्डनदेउपुर नगरपालिकाबाट **४ वटा केस** र पाँचखाल नगरपालिकाबाट **१ वटा केस** प्रतिवेदन भएका छन्। अन्य स्थानीय तहहरू बाट भने कुनै केस प्रतिवेदन भएका छैनन्।

## रोग/सिन्ड्रोम अनुसारको तुलनात्मक विवरण (महिनाः श्रावण)

| रोगको नाम | आषाढ, २०८२ (अघिल्लो महिनामा) | श्रावण, २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता | श्रावण, २०८१ (गत वर्षको सोही महिनामा) |
|---|---|---|---|---|
| हैजा | ० | ० | ० ■ | ० |
| डेङ्गी | ८ | १२ | ४ ■ | १४ |
| Acute Gastroenteritis | ५२६ | ४८७ | ३९ ■ | ५७८ |
| SARS(Severe Acute Respiratory Syndrome) | - | २ | - | - |
| औलो | ० | ४ | ४ ■ | ० |
| ILI (Influenza Like Illness) | ३८३ | ३७० | १३ ■ | २७९ |
| स्क्रब टाइफस | - | ५ | - | - |
| ............... | | | | |

*(श्रोतः DHIS2, EWARS) (तथ्याङ्क लिएको मितिः २०८२/०५/१०)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

## निगरानी तथा केस व्यवस्थापन सम्बन्धी गरिएका पहलहरुः

**डेंगी**

- सङ्कास्पद ज्वरो भएका व्यक्तिहरूको सक्रिय खोज तथा प्रयोगशालाबाट पुष्टि भएका केसहरूको नियमित निगरानी गरिएको।
- स्रोत नियन्त्रण, घर वरिपरि सरसफाइ, र मच्छर नियन्त्रणका लागि समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।

**औलो**

- मलेरिया सङ्कास्पद केसहरूको RDT परीक्षण र पुष्ट केसहरूको समयमै उपचार तथा अनुगमन गरिएको।
- मच्छर प्रजननस्थल पहिचान गरी लार्भा नियन्त्रण तथा कीटनाशक छर्किने गतिविधि सञ्चालन गरिएको।


## आभार

जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकले रोग निदान र व्यवस्थापनका लागि कार्यरत सबै सरकारी तथा निजी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ।